
# नेपाल मजदुर किसान पार्टीको विधान



(संशोधनसहित) २०४७



**प्रस्तावना :**

मानव समाजको विकास निरन्तर अगाडि बढिरहेको छ । यसै क्रममा नेपालमा निरङ्कुश राजतन्त्रको अन्त्य भई लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । लोकतान्त्रिक गणतन्त्र पनि पुँजीवादी प्रजातन्त्र हो । यसले बहुमत कामदार जनताको हित गर्दैन । समाजवादी गणतन्त्रले मात्रै व्यापक मजदुर किसानको हित गर्नेछ । नेपाली समाजलाई जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवादसम्म अगाडि बढाउनु कम्युनिस्टहरूको दायित्व र जिम्मेवारी हो ।

मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारा पार्टीको मार्गनिर्देशक सिद्धान्त हो । जनताको प्रजातन्त्र र समाजवाद हुँदै साम्यवादको लागि जनताको सङ्गठन विस्तार गर्न पार्टी लागि रहने छ ।

सामन्तवाद, पुँजीवाद, फासीवाद, संशोधनवाद, अराजकतावाद, नवउदारवाद, विस्तारवाद र साम्राज्यवादजस्ता स्वदेशी तथा विदेशी प्रतिकृयावादीहरूका विरुद्ध सर्वहारा अन्तर्राष्ट्रवादी भावनासहित सङ्घर्षका विभिन्न रूप र माध्यमबाट जनताको प्रजातन्त्र स्थापना गर्नु पार्टीको तत्कालको

उद्देश्य हो । जनताको सांस्कृतिकस्तर विकास गरी उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरणमार्फत समाजवाद हुँदै साम्यवादमा पुग्ने पार्टीको दीर्घकालीन उद्देश्य हो ।

समाजवाद र साम्यवादी समाजसम्मको यात्रामा अनेकौँ क्रान्तिकारी आन्दोलनहरू पार गर्नुपर्ने हुन्छ । यसको लागि पार्टी सदस्य र समितिहरूलाई वैज्ञानिक समाजवादबाट शिक्षित गरी व्यावहारिक बनाउनु आवश्यक छ । एक पार्टी सदस्य सिद्धान्तनिष्ठ र कर्तव्यपरायण नागरिक होऊन्, निःस्वार्थरूपले जनताको सेवा गर्ने अनुशासित, देशभक्त र दृढ क्रान्तिकारी तथा एक आदर्श समाज निर्माण गर्न योग्य सिपाही होऊन् भन्ने उद्देश्यले २०७६ असोज ३, ४, ५ र ६ गते भक्तपुरमा सम्पन्न पार्टीको सातौँ महाधिवेशनले यो विधानलाई संशोधनसहित पारित गऱ्यो ।

# भाग-१

**१) नाम र प्रारम्भ** :

(१) यो विधानलाई 'नेपाल मजदुर किसान पार्टीको विधान, २०४७' भनिनेछ । यस विधानमा 'पार्टी' भन्नाले नेपाल मजदुर किसान पार्टीलाई सम्झनु पर्छ । यसलाई छोटकरीमा 'नेमकिपा' भनिनेछ । अङ्ग्रेजीमा Nepal Workers & Peasants' Party हुनेछ । छोटकरीमा NWPP भनिनेछ ।

(२) यो विधान तुरुन्त प्रारम्भ हुनेछ र पार्टीका सबै सदस्यलाई समानरूपमा लागू हुनेछ ।

**२) परिभाषा** :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(१) 'समिति' भन्नाले नेपाल मजदुर किसान पार्टीको विभिन्न तहका समितिलाई सम्झनुपर्छ । यसले सचिवालय समेतलाई जनाउनेछ ।

(२) 'प्रदेश समिति' भन्नाले दफा १२ उपदफा (५) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(३) 'क्षेत्रीय समिति' भन्नाले दफा १२ उपदफा (२) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(४) 'अध्यक्ष' भन्नाले नेपाल मजदुर किसान पार्टीको विभिन्न तहका समितिहरूको अध्यक्षलाई सम्झनु पर्छ ।

(५) 'उपाध्यक्ष' भन्नाले नेपाल मजदुर किसान पार्टीको विभिन्न तहका समितिहरूको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(६) 'सचिव' भन्नाले नेपाल मजदुर किसान पार्टीको विभिन्न तहका समितिहरूको सचिवलाई सम्झनु पर्छ ।

(७) 'सह-सचिव' भन्नाले नेपाल मजदुर किसान पार्टीको विभिन्न तहका समितिहरूको सह-सचिवलाई सम्झनु पर्छ ।

(८) ‘कोषाध्यक्ष’ भन्नाले नेपाल मजदुर किसान पार्टीको विभिन्न तहका समितिहरूको कोषाध्यक्षलाई सम्झनु पर्छ ।

(९) ‘तदर्थ समिति वा सम्पर्क समिति’ भन्नाले दफा १२ उपदफा (४) बमोजिम गठन भएका तदर्थ समिति वा सम्पर्क समितिहरूलाई सम्झनु पर्छ ।

(१०) ‘संयोजक’ भन्नाले दफा १२ उपदफा (४) बमोजिम तदर्थ समिति वा सम्पर्क समितिहरूका संयोजकलाई सम्झनु पर्छ ।

(११) ‘सदस्य’ भन्नाले नेपाल मजदुर किसान पार्टीको विभिन्न तहका समितिहरूको सदस्यलाई सम्झनु पर्छ ।

(१२) ‘प्रारम्भिक समिति’ भन्नाले पार्टीको सबभन्दा सुरू एकाइलाई सम्झनु पर्छ ।

(१३) ‘वडा समिति’ भन्नाले नेपाल मजदुर किसान पार्टीका स्थानीय तहका वडा एकाइ समितिहरूलाई सम्झनु पर्छ ।

(१४) ‘महाधिवेशन’ भन्नाले यस विधानको दफा १३ उपदफा (६) बमोजिमको महाधिवेशन र उपदफा (७) बमोजिमको जरुरी महाअधिवेशनलाई समेत सम्झनु पर्छ ।

(१५) ‘सम्मेलन’ भन्नाले यस विधानको दफा १३ (१), (२), (३), (४), (५) बमोजिम गाउँपालिका, नगरपालिका, जिल्ला, निर्वाचन क्षेत्र तथा प्रदेशको सम्मेलनसमेतलाई सम्झनु पर्छ ।

(१६) ‘अध्यक्ष मण्डल’ भन्नाले दफा १४ उपदफा (१) बमोजिम गठित अध्यक्ष मण्डललाई सम्झनु पर्छ ।

(१७) ‘नगरपालिका’ भन्नाले नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका समेतलाई सम्झनु पर्छ ।

(१८) ‘संसदीय दल’ भन्नाले यस पार्टीबाट सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) तथा प्रदेशसभामा निर्वाचित सदस्यहरूको समितिलाई सम्झनु पर्छ ।

(१९) ‘निर्वाचित समिति’ भन्नाले यस पार्टीबाट स्थानीय तह र जिल्ला समन्वय समितिमा निर्वाचित सदस्यहरूको समिति सम्झनु पर्छ ।

(२०) ‘परिषद्’ भन्नाले दफा १६ सँग सम्बन्धित सबै तहका परिषद्लाई सम्झनु पर्छ ।

(२१) 'सांसद' भन्नाले प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाका सदस्य समेतलाई जनाउनेछ ।

**३) झन्डा र कार्यालयको छाप** :

(१) यस विधानको अनुसूची ३ मा उल्लेख भएअनुसारको झन्डा पार्टीको झन्डा हुनेछ ।

(२) कार्यालयको छाप अनुसूची ४ बमोजिमको हुनेछ ।

**४) उद्देश्य** :

पार्टीको उद्देश्य देहायबमोजिम हुनेछ -

(१) मजदुर, किसान, महिला, युवा, विद्यार्थी, शिक्षक, प्राध्यापक, कर्मचारी, बुद्धिजीवी, उद्योगी, व्यापारी, पत्रकार, पेशााकर्मी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र अवकाश प्राप्त कर्मचारीलगायत सम्पूर्ण श्रमजीवीवर्गको हकहितको संरक्षण तथा संवर्द्धनको लागि प्रयत्नशील रहने ।

(२) विभिन्न जात-जाति, भाषा-भाषी, दुर्गम र सीमान्तकृत शोषित-पीडित कामदारवर्गका जनतालाई सचेत र सङ्गठित गर्ने ।

(३) देशको सार्वभौमिकता, भू-अखण्डता र स्वतन्त्रता जोगाउने सङ्घर्षमा भाग लिने ।

(४) शोषित-पीडित जनताको न्यायपूर्ण सङ्घर्षमा साथ दिने ।

(५) सर्वहारा अन्तर्राष्ट्रियवादी भावना बोकेर विदेशी थिचोमिचो, हस्तक्षेप र शोषणको विरोधमा लडिरहेका अरू देश र जनताको पक्षमा साथ दिने र समर्थन जनाउने ।

(६) मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारालाई मार्गनिर्देशक सिद्धान्त मानी सङ्घर्षका विभिन्न रूपद्वारा जनताको प्रजातन्त्र हुँदै समाजवाद स्थापना गरी त्यसलाई साम्यवादी समाजमा पुर्‍याउने ।

(७) उपनिवेशवाद, नवउपनिवेशवाद, सामन्तवाद, पुँजीवाद, नवउदारवाद,

सा्म्राज्यवाद, विस्तारवाद, बडाराष्ट्र अहङ्कारवाद, अन्ध राष्ट्रवाद, संशोधनवाद, अराजकतावाद, फासीवाद, वामपन्थी तथा दक्षिणपन्थी अवसरवाद, आत्मसमर्पणवाद र सङ्कीर्णतावादको विरोध गर्ने ।

(८) समाजवादी प्रचार अभियानलाई जोड दिने ।

## भाग-२

**५) पार्टीको सैद्धान्तिक आधार :**

मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारा पार्टीको मार्गनिर्देशक सिद्धान्त हुनेछ । यो सिद्धान्तलाई पार्टीले आफ्नो देशको वस्तुगत परिस्थितिअनुसार लागू गर्नेछ ।

## भाग-३

**६) (१) कोषको व्यवस्था :**

पार्टी सदस्य तथा जनवर्गीय सङ्गठनका सदस्यहरूबाट प्राप्त शुल्क (लेभी) र सहयोग, ऋतुकालीन चन्दा, पार्टी तथा जनवर्गीय वा पेशागत सङ्गठन र जननिर्वाचित समितिहरूले आफ्नो सेवा र साधनको प्रयोगबाट आर्जन गरेको रकम तथा कुनै व्यक्ति वा संस्थाबाट स्वच्छ मनसायले दिइएको दान वा सहयोगबाट पार्टीको कोष बन्नेछ ।

**(२) लेखा परीक्षण :**

(क) श्रावण १ गतेदेखि असार मसान्तसम्मको अवधिलाई एक आर्थिक वर्ष मानिनेछ र प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण अर्को आर्थिक वर्षमा गराइनेछ ।

(ख) लेखा परीक्षण पार्टीको सचिवालयले तोकेको मान्यता प्राप्त लेखा परीक्षकले गर्नेछ ।

(ग) पार्टी केन्द्रीय समितिले जनवर्गीय तथा पेशागत सङ्गठनहरूको नियमित आन्तरिक लेखा परीक्षण गर्नेछ ।

(घ) माथिल्लो समितिले आफू मातहतका समितिहरूको लेखा परीक्षण गर्नेछ ।

## भाग-४

**७) सदस्यता** : देहायका व्यक्तिहरू यस पार्टीका सदस्य हुन सक्नेछन् -

(१) पार्टीको सिद्धान्त र कार्यक्रमलाई मान्ने, विधान पालना गर्ने, अनुशासन र निर्णयलाई नि:सर्त पालना एवम् लागू गर्ने, १६ वर्ष उमेर पुगेको, पार्टीको कुनै वर्गीय सङ्गठनको सदस्य भइसकेको, मजदुर, किसान, शिक्षक, युवा, महिला, पत्रकार, उद्योगी, व्यापारी, संस्कृतिकर्मी, अवकाश प्राप्त कर्मचारी, बुद्धिजीवीलगायत अन्य श्रमजीवीवर्गका विभिन्न भाषाभाषी वा जाति, जनजातिका नेपाली नागरिक यस पार्टीको सदस्य हुन सक्नेछन् ।

(२) पार्टी सदस्यताका लागि आवेदन दिन जनवर्गीय वा पेशागत सङ्गठनको समितिमा कम्तिमा एक वर्ष कार्य गरेको हुनु पर्नेछ ।

(३) पार्टीको सदस्य हुन इच्छुक व्यक्तिले पार्टी सदस्यमध्येबाट १ जना प्रस्तावक र १ जना समर्थक भएको अनुसूची १ अनुसारको निवेदन फाराम भरी सम्बन्धित पार्टी समितिमा दिनु पर्नेछ ।

(४) सिफारिस गर्ने सदस्यले आवेदकको चरित्रसम्बन्धी प्रतिवेदन पार्टी समितिमा अनिवार्यरूपमा दिनु पर्नेछ ।

(५) कुनै व्यक्तिले सदस्यता पाऊँ भनी पार्टीको कुनै पनि समितिमा निवेदन दिएमा त्यस्ता व्यक्तिलाई रु. १००।- शुल्क लिई उम्मेदवार सदस्यता दिन सकिनेछ ।

(६) पार्टीमा सदस्य हुन इच्छुक उम्मेदवार सदस्यलाई ६ महिना परीक्षणकालमा राखिनेछ । उम्मेदवार सदस्यले बैठकको छलफलमा भाग लिन पाउनेछ तर निजलाई मतदानको अधिकार हुने छैन ।

(७) ६ महिनापछि आवश्यक छानबिन गरी उपयुक्त देखिएमा सदस्यता दिन सकिनेछ । समितिको बहुमत सदस्यको स्वीकृति प्राप्त उम्मेदवार सदस्यले

मात्र सदस्यता पाउनेछ। सदस्यता प्राप्त गर्ने व्यक्तिले अनुसूची २ बमोजिम शपथ लिनु पर्नेछ।

(८) विशेष परिस्थितिमा पार्टी केन्द्रीय समितिले उपयुक्त सम्झेका विशेष व्यक्तिलाई पार्टी सदस्यता दिन सकिनेछ।

(९) सदस्यता पाएको मितिबाट पार्टीमा निज सदस्यको अभिलेख रहनेछ।

(१०) पार्टीको काममा सक्रिय रहेको बेला पार्टी सदस्यका लागि उम्मेदवार रहेका व्यक्तिको मृत्यु भएमा निजलाई मरणोपरान्त मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ।

**८) सदस्यता कायम रहने :**

(१) पार्टी कार्यक्रमअन्तर्गत भएको गतिविधिको कारण थुनामा परेको वा कारागारमा बन्दी भएको, उमेरको कारणले पार्टीमा सक्रिय हुन नसकेको र शारीरिक अस्वस्थताको कारणले पार्टी गतिविधिमा सक्रिय हुन नसके तापनि निजको सदस्यता कायम रहनेछ।

(२) हरेक वर्ष रु. १००।- शुल्क बुझाई पार्टी सदस्यता नवीकरण गर्नु पर्नेछ। आर्थिकरूपले कमजोर सदस्यलाई सम्बन्धित समितिले सदस्यता र नवीकरण शुल्क छुट दिन सक्नेछ।

**९) सदस्यता कायम नरहने अवस्था :**

१) पार्टीको गोप्यता भङ्ग गरेमा।

२) पार्टी कार्यक्रमविपरीत कार्य गरेमा।

३) पार्टी निर्देशन पालना नगरेमा।

४) पार्टी विधान पालना नगरेमा।

५) पार्टीलाई नियमित शुल्क नबुझाएमा।

६) कुनै सामाजिक अपराध गरेमा।

७) लागूपदार्थ वा मादकपदार्थ सेवन गरी जथाभावी हिँडेमा।

८) आर्थिक हिनामिना वा भ्रष्टाचार भएको पुष्टि भएमा।

९) अनुशासनहीन कार्य गरेमा ।
१०) राजीनामा दिई स्वीकृत भएमा ।
११) अन्य पार्टीसँग मिल्न गएमा ।
१२) सदस्यता नवीकरण नगरेमा ।
(१३) मृत्यु भएमा ।
(१४) सामाजिक मान्यताविपरीत बहुविवाहलगायत नैतिक पतन हुने कार्य गरेमा ।
(१५) अनुमतिविना तीन महिनाभन्दा बढी जिल्ला वा देशबाहिर गई बसेमा ।
(१६) अन्य कुनै कारणले पार्टीबाट निष्काशन भएमा ।

तर, सदस्यताबाट हटाउनुपूर्व सफाइको मौका दिइनेछ ।

**१०) सदस्यको अधिकार :**

(१) आफू सदस्य भएको पार्टी समितिको बैठक वा छलफलमा भाग लिने, राय दिने, पार्टीको चुनावमा भाग लिने र मत दिने तथा उम्मेदवार बन्ने ।
(२) पार्टी अनुशासनभित्र बसेर सिद्धान्त, कार्यक्रमबारे आफ्नो मत राख्ने र लिखित वा मौखिक प्रस्ताव पेश गर्ने ।
(३) पार्टी समिति वा सदस्यका बारेमा आफ्नो सुझाव राख्ने वा रचनात्मक आलोचना गर्ने ।
(४) आफूमाथि भएको कारबाही चित्त नबुझेमा आफू सदस्य रहेको समितिभन्दा एक तहमाथिको समितिमा ३५ दिनभित्र उजूरी दिने ।

**११) सदस्यको कर्तव्य :**

(१) संसारका नयाँ र पुराना मजदुर आन्दोलन र नयाँ-नयाँ परिवर्तनहरूको अध्ययन गर्ने, त्यसबाट शिक्षा लिने तथा मजदुर र किसान आन्दोलनलाई अगाडि बढाउन अध्ययन गरी मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग

विचारधारालाई देशको परिस्थितिअनुकूल लागू गर्ने ।

(२) मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारालाई हेरफेर गर्ने, बङ्ग्याउने, बिगार्ने, फलाका एवम् उत्ताउला विचार र गतिविधिको विरोध गर्नुका साथै सैद्धान्तिक छलफल तथा सङ्घर्षबाट पन्छिने फलाका र उत्ताउला कम्युनिस्टहरूका षड्यन्त्र, जालसाजी, बेइमानी, पार्टीलाई फुटाउने, पार्टी सदस्यहरूको बदनाम गर्ने र वर्ग शत्रु खुशी पार्ने जस्ता विचार र गतिविधिको विरोध गर्ने ।

(३) संसारका नयाँ-नयाँ सूचना, ज्ञान-विज्ञान र प्रविधिको अध्ययन गर्ने र भित्री हृदयदेखि देश र जनताको सेवा गर्ने भावनाले जनतासँग एक भई उनीहरूलाई सङ्गठित गर्ने ।

(४) सबै प्रकारका संशोधनवाद, अराजकतावाद, नवउदारवाद, आत्मसमर्पणवाद, 'वामपन्थी' तथा दक्षिणपन्थी अवसरवाद र उदारवादको विरोधमा सङ्घर्ष गर्ने र वर्गसङ्घर्षलाई अगाडि बढाउने ।

(५) पार्टी अनुशासन र जिम्मेवारीलाई गम्भीरतापूर्वक लागू गर्ने ।

(६) व्यक्तिगत स्वार्थ, जातीय-साम्प्रदायिकता तथा क्षेत्रीय स्वार्थलाई त्याग्ने, पार्टीको आदेश एवम् निर्देशनलाई पालना गर्ने एवम् पार्टी हित र एकतालाई सदा ध्यान दिने ।

(७) पार्टीमा झूटो बोल्ने, घर छोडी खटाइएको ठाउँ वा जिल्लामा गई काम नगर्ने, मासिक वा ऋतुकालीन चन्दा नदिने, घुस खाने, मादक पदार्थ सेवन गर्ने, जुवा खेल्नेजस्ता खराब आचरणलाई निरुत्साहित गर्ने ।

(८) आफ्नो पेशागत काम र पारिवारिक स्वार्थ एवम् फाइदाका लागि मात्र काम गर्ने, खर्चालु, देखावटी झिलिमिलीलाई प्राथमिकता दिनेजस्ता सबै प्रकारका स्वार्थ त्याग्दै जाने ।

(९) मजदुर आन्दोलन, किसान आन्दोलन, बाली काट्ने आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, जालीफटाहाविरोधी आन्दोलन, भर्पाइ आन्दोलन तथा घेरा, धर्ना, जुलुस प्रदर्शन, सत्याग्रह, अनशन वा सङ्घर्षका नयाँ-नयाँ रूपहरूका साथै पार्टीको आह्वानमा हुने सङ्घर्षमा भाग लिने ।

(१०) पार्टी बैठक, अध्ययन कक्षा र गोष्ठीहरूमा नियमितरूपले भाग लिने ।

(११) सङ्घर्षमा भाग लिँदा भएका विरामहरू वा खोटा विचारले वा आफ्नो बानी व्यहोराले गर्दा सङ्घर्ष र आन्दोलनमा भएका र हुन सक्ने हानी-नोक्सानीबाट एक पार्टी सदस्यले आफ्नो पार्टी समिति र साथीहरूलाई आलोचना उवम् आत्म-आलोचना गर्ने तथा विराम एवम् कमी-कमजोरीलाई सच्याउने बानी बसाल्ने ।

(१२) पार्टी सदस्यले प्रत्येक महिनामा आम्दानीको आधारमा पार्टीले तोकेको नियमअनुसारको शुल्क बुझाउने ।

(१३) अनिवार्य मासिक शुल्क दिन नसक्ने पार्टी सदस्यहरूले ऋतुकालीन चन्दा बुझाई सहयोग गर्ने ।

(१४) पार्टीको गोप्यतालाई कायम राख्ने ।

(१५) समाजमा विद्यमान रुढीवाद र अन्धविश्वासको विरोध गर्ने ।

(१६) पार्टीको बैठक र छलफलमा आफ्नो विचार प्रस्ट राख्ने ।

(१७) जनता र पार्टी सदस्यहरूमा शिष्ट व्यवहार गर्ने तथा सादा जीवन बिताउने ।

(१८) सर्वहारा अन्तर्राष्ट्रियवादी भावनाअनुसार विभिन्न देशमा हुने पुँजीवाद, साम्राज्यवाद, विस्तारवाद र नवउदारवादविरोधी सङ्घर्ष र अन्य न्यायोचित आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्ने ।

(१९) पार्टी सदस्यले निम्नलिखित कार्य गर्नुअघि सम्बन्धित पार्टी समितिको स्वीकृति लिनुपर्नेछ :

(क) विदेशी पैसाद्वारा सञ्चालित कुनै गैरसरकारी संस्था (NGO) वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (INGO) को सञ्चालक वा त्यस्ता संस्थामा आंशिक वा पूर्णकालीन सेवा गर्नुपरेमा,

(ख) बैङ्क, वित्तीय संस्था वा सहकारीजस्ता आर्थिक कारोबार हुने कुनै संस्थाको सञ्चालक सदस्य हुनु परेमा वा आंशिक वा पूर्णकालीन सेवा गर्नुपरेमा,

(ग) कुनै पार्टी सदस्यले अर्को कुनै सदस्य वा कसैका विरुद्ध अदालतमा नालिस, उजुर वा अन्य कुनै प्रकारले मुद्दा गर्नुपरेमा ।

# भाग-५

**१२) समिति** :

(क) नेपाल मजदुर किसान पार्टीका समितिहरू समावेशीलाई ध्यान दिई देहायबमोजिम गठन गरिनेछ :-

(१) गाउँपालिका, र नगरपालिका वडा, गाउँ, टोलहरूमा एक वा एकभन्दा बढी प्रारम्भिक समितिहरू (Cell Committees) रहनेछन् । विभिन्न सङ्घ, संस्था, विद्यालय, कलेज, कार्यालय, कलकारखानालगायतमा पनि प्रारम्भिक समिति गठन गर्न सकिनेछ ।

(२) गाउँपालिका र नगरपालिकाहरूमा पार्टीको गाउँ समिति र नगर समितिहरू रहनेछन् । गाउँ र नगर समितिले प्रारम्भिक पार्टी समितिहरू गठन गर्नेछन् । जिल्ला समितिले निर्वाचन क्षेत्रमा आवश्यकताअनुसार क्षेत्रीय समितिहरू पनि गठन गर्न सक्नेछ ।

(३) जिल्लामा एउटा जिल्ला समिति रहनेछ ।

(४) नयाँ सम्पर्क भएका जिल्लामा पार्टी केन्द्रीय समितिको निर्देशनअनुसार तदर्थ समिति वा सम्पर्क समिति गठन गर्न सकिनेछ ।

(५) प्रदेशमा पार्टीको प्रदेश समिति रहनेछ ।

(६) पार्टीका सबै समितिहरूले आवश्यकताअनुसार सचिवालय र सल्लाहकार समिति गठन गर्न सक्नेछन् ।

(ख) केन्द्रीय समिति र सचिवालय

(१) पार्टीको एउटा केन्द्रीय समिति रहनेछ ।

(२) पार्टी केन्द्रीय समितिले आवश्यकता ठानेमा सल्लाहकार समिति गठन गर्न सक्नेछ र यसको अध्यक्षता पार्टी केन्द्रीय अध्यक्षले गर्नेछ ।

(३) पार्टीको केन्द्रीय समितिले ५ सदस्यीय सचिवालय गठन गर्न सक्नेछ । केन्द्रीय समितिको बैठक नबसेको बेला आवश्यक निर्णय सचिवालयले गर्नेछ । सचिवालयको निर्णय केन्द्रीय समितिसरहको हुनेछ ।

**१३) सम्मेलन :**

पार्टीका सम्मेलनहरू देहायबमोजिम हुनेछन् -

**(१) वडा सम्मेलन :**

प्रत्येक दुई वर्षमा एक पटक गाउँपालिका र नगरपालिकाका वडाहरूमा वडा सम्मेलन हुनेछ । सम्बन्धित वडाका प्रारम्भिक समितिका अध्यक्ष वा प्रतिनिधिहरू, वडा समितिका पदाधिकारी र सदस्यहरू, वडास्तरका जनवर्गीय र पेशागत सङ्गठनका अध्यक्ष वा प्रतिनिधिहरू वडा सम्मेलनमा प्रतिनिधि हुनेछन् । पार्टीको तर्फबाट निर्वाचित वडाध्यक्ष र वडा सदस्यहरू पनि प्रतिनिधि रहनेछन् । सम्मेलनले वडा समितिले पेश गरेको प्रतिवेदनमाथि छलफल एवम् समीक्षा गर्नेछ र आयव्ययबारे छलफल गरी निर्णय गर्नेछ । पार्टी वडा समितिमा कूल २१ सदस्य रहनेछन् । सम्मेलनबाट अध्यक्षसहित १७ जना सदस्य निर्वाचित गरिनेछ । दुई सदस्य र दुई वैकल्पिक सदस्य निर्वाचित समितिको बहुमतले मनोनित गर्नेछ ।

**(२) गाउँ सम्मेलन :**

प्रत्येक तीन वर्षमा एक पटक गाउँपालिकाहरूमा पार्टी गाउँ सम्मेलन हुनेछ । सम्बन्धित गाविसका प्रारम्भिक समितिका अध्यक्ष वा प्रतिनिधिहरू, पार्टी गाउँ समितिका पदाधिकारी र सदस्यहरू तथा गाउँस्तरका जनवर्गीय तथा पेशागत सङ्गठन र समाजका अध्यक्ष वा प्रतिनिधि सम्मेलनमा प्रतिनिधि हुनेछन् । पार्टीको तर्फबाट निर्वाचित गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरू पनि प्रतिनिधि रहनेछन् । सम्मेलनमा गाउँ समितिले पेश गरेको प्रतिवेदनमाथि छलफल एवम् समीक्षा गरिनेछ र आयव्ययबारे छलफल गरी निर्णय गरिनेछ । पार्टी गाउँ समितिमा कूल २५ सदस्य रहनेछन् । अध्यक्षसहित २१ जना सदस्य सम्मेलनले निर्वाचित

गर्नेछ । दुइ सदस्य र दुई वैकल्पिक सदस्य निर्वाचित समितिको बहुमतले मनोनित गर्नेछ ।

**(३) नगर सम्मेलन** :

प्रत्येक तीन वर्षमा एक पटक महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरूमा पार्टी नगर सम्मेलन हुनेछ । सम्बन्धित नगरपालिकाभित्रका वडा समितिका अध्यक्ष वा प्रतिनिधिहरू, पार्टी नगर समितिका पदाधिकारी र सदस्यहरू, पार्टीबाट नगरपालिकामा निर्वाचित प्रमुख, उपप्रमुख, वडाध्यक्षहरू तथा नगरस्तरका जनवर्गीय तथा पेशागत सङ्गठनहरूका अध्यक्ष वा प्रतिनिधि सो सम्मेलनमा प्रतिनिधि हुनेछन् । नगर समितिले पेश गरेको प्रतिवेदनमाथि सम्मेलनले छलफल एवम् समीक्षा गर्नेछ र आयव्ययबारे छलफल गरी निर्णय गर्नेछ । पार्टी नगर समितिमा कुल २५ सदस्य रहनेछन् । सम्मेलनबाट अध्यक्षसहित बढीमा २१ जना सदस्यहरूको चुनाव हुनेछ र बाँकी ४ मध्ये २ सदस्य र २ वैकल्पिक सदस्य नगर समितिको बैठकको बहुमतले मनोनित गर्नेछ ।

**(४) जिल्ला सम्मेलन** :

प्रत्येक तीन वर्षमा एक पटक पार्टीको जिल्ला सम्मेलन हुनेछ । जिल्लाभरका गाउँ समिति र नगर समितिका अध्यक्ष वा प्रतिनिधिहरू, पार्टी नगर समिति र जिल्ला समितिका पदाधिकारी र सदस्यहरू, क्षेत्रीय समितिका अध्यक्ष वा प्रतिनिधिहरू, पार्टीबाट गाउँपालिकामा निर्वाचित अध्यक्ष, उपाध्यक्ष र नगरपालिकामा निर्वाचित प्रमुख, उपप्रमुख, जिससमा निर्वाचित प्रमुख, उपप्रमुख र सदस्यहरू तथा जिल्लास्तरका जनवर्गीय तथा पेशागत सङ्गठनहरूका अध्यक्ष वा प्रतिनिधिहरू सम्मेलनका प्रतिनिधि हुनेछन् । सम्मेलनले जिल्ला समितिले पेश गरेको प्रतिवेदनमाथि छलफल एवम् समीक्षा गर्नेछ र आयव्ययबारे छलफल गरी निर्णय

गर्नेछ । जिल्ला समितिमा कुल २९ सदस्य रहनेछन् । सम्मेलनले अध्यक्षसहित बढीमा २१ (एक्काइस) जना सदस्य निर्वाचित गर्नेछ । समितिले बाँकी ८ जना मध्ये ४ सदस्य र ४ वैकल्पिक सदस्य मनोनित गर्नेछ । आवश्यकता अनुसार ७ जनासम्मको जिल्ला सचिवालयको गठन गर्नेछ ।

**(५) प्रदेश सम्मेलन** :

प्रत्येक चार वर्षमा पार्टीको प्रदेश सम्मेलन हुनेछ । प्रदेश सम्मेलनमा प्रदेश समितिका सदस्यहरू, प्रदेशसभा सदस्यहरू, प्रदेशभरका पार्टी जिल्ला अध्यक्ष वा प्रतिनिधि, गाउँपालिका, नगरपालिकाका समितिका अध्यक्ष वा प्रतिनिधि, प्रदेश जनवर्गीय र पेशागत सङ्गठनका प्रमुख वा प्रतिनिधि, प्रदेशसभामा पार्टीबाट निर्वाचित सदस्यहरू, गाउँपालिका, नगरपालिमा निर्वाचित प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र कार्यपालिका सदस्यहरू तथा प्रदेश समितिले तोकेका अन्य सदस्यहरू प्रतिनिधि हुनेछन् । प्रदेश समितिमा कुल १९ सदस्य हुनेछन् । सम्मेलनले अध्यक्षसहित १५ जना सदस्य र २ जना वैकल्पिक सदस्यसहित १७ जना निर्वाचित गर्नेछ । १ सदस्य र १ वैकल्पिक सदस्य समितिले मनोनित गर्नेछ ।

**(६) महाधिवेशन** :

प्रत्येक पाँच वर्षमा एक पटक महाधिवेशन हुनेछ । केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरू, केन्द्रीय सल्लाहकार समिति, प्रदेश समितिका अध्यक्ष वा प्रतिनिधि, सबै पार्टी जिल्ला समितिका अध्यक्ष वा प्रतिनिधिहरू, जनवर्गीय तथा पेशागत सङ्गठनका अध्यक्ष वा प्रतिनिधि, सांसदहरू एवम् केन्द्रीय समितिले तोकेका अन्य प्रतिनिधिहरू महाधिवेशनका प्रतिनिधिहरू हुनेछन् । महाधिवेशनले केन्द्रीय समितिले पेश गरेको प्रतिवेदनमाथि छलफल एवम् समीक्षा गर्नेछ र आयव्ययबारे छलफल गरी निर्णय गर्नेछ । केन्द्रीय समितिमा कूल ३१ जना सदस्यहरू

रहनेछन । अध्यक्षसहित २३ जना सदस्य र २ जना वैकल्पिक सदस्यसहित २५ जना सम्मेलनबाट निर्वाचित गरिनेछ । ४सदस्य र २ वैकल्पिक सदस्य केन्द्रीय समिति वा केन्द्रीय सचिवालयले आवश्यकताअनुसार मनोनित गर्नेछ ।

**(७) जरूरी महाधिवेशन** :

निर्धारित समयावधिमा हुने महाधिवेशनको अतिरिक्त पार्टी केन्द्रीय समितिले आवश्यक ठानेमा वा पचास प्रतिशत जिल्लाहरूले महाधिवेशन बोलाउन माग गरेमा जरुरी महाधिवेशन बोलाउन सक्नेछ । जरुरी महाधिवेशन प्रत्येक ५-५ वर्षमा गरिने नियमित महाधिवेशनसरह हुनेछ ।

**१४) महाधिवेशन र सम्मेलनको कार्य व्यवस्था** :

(१) पार्टीको सर्वोच्च अङ्गको रूपमा महाधिवेशन हुनेछ ।

(२) महाधिवेशनका लागि प्रतिनिधि र पर्यवेक्षकहरूको सङ्ख्या केन्द्रीय समितिले तोक्नेछ ।

(३) महाधिवेशन र सम्मेलनको कार्यक्रम सञ्चालन गर्न ३ सदस्यीय एक अध्यक्षमण्डल गठन गर्नेछ ।

(४) बैठकमा प्रदेश समिति, जिल्ला समिति र जनवर्गीय तथा पेशागत सङ्गठनहरूको प्रतिवेदन प्रस्तुत हुनेछ ।

(५) पार्टी केन्द्रीय समितिले पार्टीको कार्यक्रम र प्रतिवेदन प्रस्तुत गर्नेछ र त्यसमाथि बैठकले छलफल गरी पारित गर्नेछ । कोषाध्यक्षबाट प्रस्तुत आर्थिक प्रतिवेदनलाई छलफल गरी पारित गरिनेछ ।

(६) अध्यक्ष मण्डलले पार्टी केन्द्रीय समिति भङ्ग भएको घोषणा गरी नयाँ नेतृत्व चयनको लागि ३ सदस्यीय निर्वाचन मण्डलको गठन गर्नेछ ।

(७) निर्वाचनमण्डलले नयाँ केन्द्रीय समितिको निर्वाचन सम्पन्न गर्नेछ ।

(८) निर्वाचित अध्यक्षले बन्द सत्रको बैठकमा शपथ ग्रहण गर्नेछ र अध्यक्षले अन्य सदस्यहरूलाई शपथ ग्रहण गराउनेछ ।

**१५) विधान संशोधन** :

महाधिवेशनमा उपस्थित प्रतिनिधिहरूको बहुमतले विधान संशोधनको प्रस्ताव पारित गरेमा विधान संशोधन भएको मानिनेछ । तर, पार्टीको नाम, झन्डा, उद्देश्य र सैद्धान्तिक आधार संशोधन गर्नु परेमा महाधिवेशनको दुईतिहाइ बहुमत आवश्यक हुनेछ ।

**१६) परिषद्** :

**(१) वडा परिषद्** :

वडा समितिका पदाधिकारी र सदस्यहरू, प्रारम्भिक समितिका अध्यक्ष वा प्रतिनिधि, जनवर्गीय र पेशागत सङ्गठनका प्रतिनिधिहरू, पार्टीको तर्फबाट निर्वाचित वडाध्यक्ष तथा वडा सदस्यहरू र समितिले तोकेको सदस्यसमेत भएको एक वडा परिषद् हुनेछ ।

**(२) गाउँ परिषद्** :

गाउँ समितिका पदाधिकारी र सदस्यहरू, वडा समितिका अध्यक्ष वा प्रतिनिधिहरू, गाउँपालिकाका जनवर्गीय तथा पेशागत सङ्गठनका अध्यक्ष वा प्रतिनिधिहरू, पार्टीका तर्फबाट गाउँपालिकामा निर्वाचित अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षहरू तथा समितिले तोकेको सदस्यसमेत भएको एक गाउँ परिषद् हुनेछ ।

**(३) नगर परिषद्** :

नगर समितिका पदाधिकारी र सदस्यहरू, वडा समितिका अध्यक्ष वा प्रतिनिधिहरू, नगरस्तरीय जनवर्गीय तथा पेशागत सङ्गठनका अध्यक्ष वा प्रतिनिधिहरू, पार्टीका जननिर्वाचित प्रमुख, उपप्रमुख र वडाध्यक्षहरू तथा समितिले तोकेको सदस्यसमेत भएको एक नगर परिषद् हुनेछ ।

**(४) जिल्ला परिषद्** :

जिल्ला समितिका पदाधिकारी र सदस्यहरू, जिल्लाका प्रत्येक गाउँ समितिका अध्यक्ष वा प्रतिनिधि, नगर समितिका अध्यक्ष वा प्रतिनिधि, पार्टीको तर्फबाट गाउँपालिका र नगरपालिकामा निर्वाचित अध्यक्ष एवम् उपाध्यक्ष, जिल्लाका जनवर्गीय तथा पेशागत सङ्गठनका अध्यक्षहरू, पार्टीका जननिर्वाचित जिसस प्रमुख, उपप्रमुख र सदस्यहरू भएको एक जिल्ला परिषद् हुनेछ ।

**(५) प्रदेश परिषद्** :

प्रदेश पार्टी समितिका पदाधिकारी र सदस्यहरू, प्रदेशभित्रका जिल्ला, महानगर, उपमहानगर, नगरपालिका र गाउँपालिकाको पार्टी समितिका अध्यक्ष वा प्रतिनिधि, पार्टीको तर्फबाट प्रदेशसभा, जिल्ला समन्वय समिति, महानगर, उपमहानगर, नगरपालिका र गाउँपालिकामा निर्वाचित प्रदेशसभा सदस्य, प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष तथा जनवर्गीय र पेशागत सङ्गठनका अध्यक्ष वा प्रतिनिधि भएको एक प्रदेश परिषद् हुनेछ ।

**(६) केन्द्रीय परिषद्** :

पार्टी केन्द्रीय समितिका पदाधिकारी एवम् सदस्यहरू, सल्लाहकार समितिका सदस्य, प्रदेश समितिका अध्यक्ष वा प्रतिनिधि, पार्टी जिल्ला समितिका अध्यक्ष वा प्रतिनिधि, जनवर्गीय सङ्गठनका अध्यक्ष वा प्रतिनिधि, पेशागत सङ्गठनका प्रमुख वा प्रतिनिधि भएको एक केन्द्रीय परिषद् हुनेछ ।

(७) सबै तहका परिषद्हरूको बैठक कम्तीमा वर्षको एक पटक बस्नु पर्नेछ । यसको काम सम्बन्धित समितिहरूलाई आवश्यक परामर्श दिनु र विगतका काम कारबाहीको समीक्षा एवम् मूल्याङ्कन गर्नु हुनेछ ।

(८) परिषद्को बैठकको अध्यक्षता सम्बन्धित तहको पार्टी समितिको अध्यक्षले गर्नेछ ।

(९) केन्द्रीय परिषद्ले पार्टीको वार्षिक कार्यक्रम बनाउनेछ ।

# भाग-६

## १७) पार्टी समितिहरूको काम, कर्तव्य र अधिकार :

(१) गाउँपालिका र नगरपालिकाका प्रारम्भिक समिति, वडा समिति, गाउँ समिति, नगर समिति र क्षेत्रीय समितिहरूको काम, कर्तव्य र अधिकार :

(क) माथिल्लो समितिको निर्देशन पालना गर्ने,

(ख) त्रैमासिक कार्य प्रगति प्रतिवेदन माथिल्लो समितिमा पठाउने,

(ग) असाधारण अवस्थामा बाहेक प्रारम्भिक समिति, वडा समिति, गाउँ र नगर समितिको बैठक महिनामा दुई पटक बस्नु पर्नेछ । आवश्यकताअनुसार थप बैठक पनि बस्ने,

(घ) सर्वसाधारण जनतासँग घनिष्ठ सम्बन्ध राखी पार्टीको नीति र सिद्धान्तबारे कक्षा सञ्चालन गर्ने,

(ङ) मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधाराका साथै देश र विदेशमा देखापरेका नयाँ-नयाँ परिवर्तनहरूबारे जानकारी लिने, विभिन्न साहित्य र पार्टीका प्रकाशनहरूको अध्ययन गर्ने र गराउने तथा पार्टी साहित्यको बिक्री-वितरण तथा प्रचार-प्रसार गर्ने र गराउने,

(च) मार्क्सवादी सिद्धान्तको आधारमा जनताका समस्याहरूको विश्लेषण र समाधान गर्ने,

(छ) पार्टी सङ्गठनको विस्तार गर्ने र मातहतका समितिहरूको निरीक्षण तथा मूल्याङ्कन गर्ने एवम् आवश्यक निर्देशन दिने,

(ज) आवश्यक भएका ठाउँहरूमा प्रारम्भिक समिति गठन गर्ने र त्यसको प्रतिवेदन माथिल्लो समितिमा पठाउने,

(झ) उठेको रकममध्ये ५० प्रतिशत माथिल्लो समितिमा बुझाउने ।

### (२) जिल्ला समितिको काम, कर्तव्य र अधिकार :

(क) केन्द्रीय समितिको निर्देशन पालना गर्ने,

(ख) सिद्धान्तको प्रचार-प्रसार र सङ्गठन विस्तार गर्ने,

(ग) जिल्लाको छ महिने प्रतिवेदन, सम्पूर्ण पार्टी सदस्य सङ्ख्या र त्यसको आधारमा ५० प्रतिशत शुल्क तथा अन्य आम्दानी प्रत्येक ६ महिनामा केन्द्रमा पठाउने,

(घ) मातहतका समितिहरूलाई नीति, निर्देशन दिने, निरीक्षण गर्ने, सङ्गठनलाई स्वच्छ, सक्रिय र सुदृढीकरण गर्न आवश्यक कदम निरन्तररूपले चल्ने,

(ङ) सामान्यतया: दुई महिनाको एक पटक बैठक बस्ने, आवश्यकताअनुसार थप बैठक बस्ने ।

**(३) प्रदेश समितिको काम, कर्तव्य र अधिकार**

(क) केन्द्रीय समितिको निर्देशन पालना गर्ने,

(ख) सिद्धान्तको प्रचार-प्रसार र सङ्गठन विस्तार गर्ने,

(ग) प्रदेशको छ महिने प्रतिवेदन, सम्पूर्ण पार्टी सदस्य सङ्ख्या र त्यसको आधारमा ५० प्रतिशत शुल्क र अन्य आम्दानी केन्द्रमा पठाउने,

(घ) मातहतका समितिहरूलाई नीति, निर्देशन दिने, निरीक्षण गर्ने, सङ्गठनलाई स्वच्छ, सक्रिय र सुदृढीकरण गर्न आवश्यक कदम निरन्तररूपले चल्ने,

(ङ) सामान्यतया: चार महिनाको एक पटक बैठक बस्ने, आवश्यकताअनुसार थप बैठक बस्ने ।

**(४) केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार** :

(क) केन्द्रीय समिति पार्टीको सर्वोच्च कार्यकारी समिति हुनेछ र यसका निर्णयहरू तल्लो निकायका पार्टी समितिहरूले पालना गर्नु पर्नेछ,

(ख) यसले पार्टीको नेतृत्व गर्नुका साथै पार्टीको सिद्धान्त, कार्यक्रम, विधानको व्याख्या गर्नेछ र नीतिहरू बनाउनेछ,

(ग) असाधारण अवस्थामा बाहेक यसको बैठक ६ (छ) महिनामा एक पटक बस्नेछ,

(घ) मातहतका समितिहरूलाई आवश्यक निर्देशन दिनेछ,

(ङ) मातहतका समितिहरूको निरीक्षण गर्न सक्नेछ,

(च) पार्टी सदस्यहरूको सैद्धान्तिकस्तर उठाउन, क्रान्तिकारी भावनालाई

जीवित राख्न तथा पार्टी कार्यकर्ताहरूमा सक्रियता ल्याउन पत्रपत्रिका प्रकाशन, नियमित कक्षा सञ्चालन र अन्य गतिविधि गराउनेछ,

(छ) पार्टी अनुशासनविपरीत काम गर्ने मातहतका पार्टी समितिलाई पुनर्गठन वा भङ्ग गर्न सक्नेछ र सदस्यलाई निलम्बन र निष्काशन गर्न सक्नेछ,

(ज) पाँच वर्षमा एक पटक महाधिवेशन बोलाउनेछ,

(झ) केन्द्रीय समितिले जरुरी महाधिवेशन बोलाउन आवश्यक देखेमा वा दफा १३ को उपदफा ७ अनुसार माग भएमा जरुरी महाधिवेशन बोलाउन सक्नेछ,

(ञ) केन्द्रीय समितिले महाधिवेशन र अन्य सबै तहका सम्मेलनहरू ६ महिना पछि सार्न सक्नेछ,

(ट) दुई महाधिवेशनको बीचमा सबै काम केन्द्रीय समिति वा सचिवालयले गर्नेछ,

(ठ) मातहत समितिका भेला, परिषद्, सम्मेलनका लागि पनि केन्द्रीय समिति वा सचिवालयले प्रतिनिधि थपघट गर्न सक्नेछ,

(ड) पार्टी सङ्गठन विस्तारको लागि देशभरि पार्टीका तदर्थ समिति र सम्पर्क समितिहरू गठन गर्न सक्नेछ,

(ढ) प्रवासमा रहेका नेपाली जनताबीचसमेत पार्टीले सङ्गठनात्मक गतिविधिहरू गर्नेछ ।

**१८) पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :**

**(१) अध्यक्ष वा संयोजक :**

(क) समितिको बैठक बोलाउने वा बोलाउन लगाउने,

(ख) बैठकको अध्यक्षता गर्ने र बैठक सञ्चालन गर्ने,

(ग) विभिन्न प्रस्ताव र कार्यक्रम आदि पेश गर्ने र गर्न लगाउने,

(घ) कुनै प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा बराबर मत भएमा निर्णायक मत प्रयोग गर्ने,

(ङ) आवश्यकताअनुसार पार्टीको दृष्टिकोण सार्वजनिक गर्ने,

(च) राष्ट्रिय र अन्तर्राष्ट्रिय सभा-सम्मेलनहरूमा प्रतिनिधित्व गर्ने वा गराउने ।

**(२) उपाध्यक्ष** :

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यवाहकको रूपमा काम गर्ने,

(ख) समिति वा अध्यक्षद्वारा दिइएको कार्य सम्पादन गर्ने ।

**(३) सचिव** :

(क) समितिको सम्पूर्ण दैनिक प्रशासनिक कामहरू सञ्चालन गर्ने,

(ख) समिति वा अध्यक्षले तोकेको वा निर्णय गरेको काम गर्ने,

(ग) बैठकमा नियमित प्रतिवेदन प्रस्तुत गर्ने ।

**(४) सह-सचिव** :

(क) सचिवको अनुपस्थितिमा निजले सँमालेका आएका सम्पूर्ण काम गर्ने,

(ख) सचिवले गर्नुपर्ने काममा मद्दत गर्ने ।

**(५) कोषाध्यक्ष** :

(क) समितिको सम्पूर्ण नगद, जिन्सी र आय-व्यय दुरुस्त राख्ने,

(ख) मातहतका समितिहरूको वार्षिक लेखा परीक्षण र निरीक्षण गरी अभिलेख तयार पार्न लगाउने,

(ग) सम्मेलनमा आयव्यय विवरण तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने ।

**(६) सदस्य** :

(क) नियमित बैठकमा भाग लिने,

(ख) समितिबाट भएका निर्णयअनुसार काम गर्ने ।

**१९) समितिको कार्य सञ्चालन विधि** :

(१) बहुमतको निर्णय मान्य हुनेछ र त्यसलाई सबैले लागु गर्नु पर्नेछ । अल्पमत बहुमतको मातहतमा, व्यक्ति सङ्गठनको मातहतमा, तल्लो समिति माथिल्लो समितिको मातहतमा र सबै समिति र सदस्यहरू केन्द्रीय समितिको मातहतमा रहनेछन्,

(२) प्रजातान्त्रिक केन्द्रीयताको आधारमा पार्टी सञ्चालन हुनेछ,

(३) तल्लो समितिले माथिल्लो समितिलाई आफ्नो कार्य विवरण, राय, सुझाव र समस्या नियमित पठाउनु पर्नेछ,

(४) कुनै पनि सदस्यले आफ्नो तहमा पार्टीको अनुशासनमा रही व्यक्ति वा पार्टीलाई सुझाव दिन र रचनात्मक आलोचना गर्न सक्नेछ,

(५) माथिल्लो समितिले तल्लो समितिलाई पार्टी गतिविधिबारे चिठी वा पार्टी प्रकाशनमार्फत जानकारी र निर्देशन दिन सक्नेछ,

(६) बहुमतको निर्णय चित्त नबुझेको खण्डमा सदस्यहरूमध्ये कसैले आफ्नो रायसाथ माथिल्लो समितिमा ३५ दिनभित्र उजुरी दिन सक्नेछ, अर्को बैठकमा पनि त्यसबारे पुनः विचारका निम्ति प्रस्ताव राख्न सक्नेछ,

(७) केन्द्रीय समितिको अनुमतिविना मातहतका कुनै पनि समितिले अन्य पार्टी वा पार्टीहरूसँग सहकार्य, मोर्चा वा कुनै किसिमको संयुक्त गतिविधि गर्न सक्नेछैन,

(८) पार्टीका सबै तहका समितिहरूले आ-आफ्नो मातहतका पार्टी सदस्य र सदस्यताको लागि आवेदन दिनेहरूको अभिलेख अनिवार्य राख्नु पर्नेछ,

(९) राज्यको संरचनाअनुकूल सङ्गठनहरू गठन गर्न सकिनेछ ।

**२०) गणपुरक सङ्ख्या :**

बैठकमा समितिका सदस्यहरूको ५१ प्रतिशत बहुमत नै गणपुरक सङ्ख्या मानिने छ ।

## भाग-७

**२१) अनुशासन भङ्ग मानिने :**

यस पार्टीको कुनै पनि सदस्यले देहायबमोजिमको आचरण गरेमा अनुशासन भङ्ग भएको मानिनेछ -

(१) पार्टी सिद्धान्त, कार्यक्रम, विधान, नियम र निर्णयहरूलाई पालना नगरेमा वा जानीजानी उल्लङ्घन गरेमा,

(२) पार्टीको विरोध गरेमा, समानान्तर पार्टी खोलेमा, गोप्यता पालना नगरेमा, अन्य पार्टीसँग मिलेमा, सङ्गठनलाई विलय गर्ने वा गराउने काम गरेमा वा पार्टीलाई अहित हुने कार्य गरेमा,

(३) पार्टीलाई बुझाउनुपर्ने मासिक शुल्क बिनासूचना लगातार ६ महिनासम्म नबुझाएमा,

(४) लगातार तीन पटक बिनासूचना पार्टी बैठकमा अनुपस्थित रहेमा,

(५) पार्टीद्वारा आयोजित कार्यक्रम बिथोल्ने प्रयास गरेमा वा असहयोग गरेमा,

(६) पार्टीको विभिन्न निकायबाट भएका निर्णयहरूलाई खुलारूपमा विरोध गर्दै हिँडेमा,

(७) पार्टीको कार्यमा ढिलासुस्ती गरेमा वा जिम्मेवारी बहन नगरेमा,

(८) देश र जनता तथा समाजलाई प्रतिकूल असर पर्ने आचरण गरेमा ।

**२२) कारबाही** :

(१) कुनै पार्टी सदस्यले अनुशासन भङ्ग गरेमा पार्टीले पहिलो पटक पार्टी सिद्धान्त, कार्यक्रम, विधान, नियम र अनुशासनलाई पालना गर्न लगाउने प्रयास गर्नेछ,

(२) दोस्रो पटक पनि अनुशासन पालना नगरेमा चेतावनी दिइनेछ,

(३) तेस्रो पटक खबरदारी गर्नेछ र सुम्पिएको जिम्मेवारीबाट मुक्त गरी एक वर्षको निम्ति परीक्षणकालमा राख्नेछ । एक वर्षसम्म पनि नसुध्रिएमा त्यस्ता सदस्यलाई पार्टी सदस्यताबाट निष्काशन गरिनेछह सुध्रिएमा पहिलेकै स्थानमा राखिनेछ,

(४) पार्टीको कारबाहीमा परेका व्यक्तिको उजूरीबाट माथिल्लो समितिले आवश्यक सुनुवाई गरी निर्णय गर्नेछ,

(५) अनुशासनको कारबाहीअन्तर्गत कुनै व्यक्तिलाई पार्टी सदस्यताबाट निष्काशित गर्दा सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन,

(६) एक पटक पार्टीबाट निकालिसकेको व्यक्तिलाई पछि उसले आफूलाई सुधारेमा राम्रो जाँचबुझ र गम्भीर आलोचना तथा आत्म-आलोचनापश्चात् उपयुक्त देखिएमा पुनः पार्टीमा राख्न सकिनेछ,

(७) पार्टी अनुशासन, सिद्धान्त, विधान, नियम वा कार्यक्रमविपरीत काम गर्ने कुनै समितिका पदाधिकारी वा समितिको सदस्यलाई निलम्बन गर्ने, निष्काशन गर्ने र सम्बन्धित समिति भङ्ग गर्ने अधिकार सो समितिभन्दा माथिल्लो समिति वा केन्द्रीय समितिलाई हुनेछ । तर, दफा १७ उपदफा (३) को खण्ड (छ) लाई यस दफाले कुनै बाधा पार्ने छैन,

(८) जनवर्गीय तथा पेशागत सङ्गठनहरू माथिल्लो समिति र सम्बन्धित पार्टी समितिअन्तर्गत रहनेछन् ।

## २३) जनवर्गीय सङ्गठनहरू :

क) नेपाल मजदुर किसान पार्टीका निम्नलिखित जनवर्गीय सङ्गठनहरू रहनेछन्:

(१) नेपाल क्रान्तिकारी मजदुर सङ्घ
(२) नेपाल क्रान्तिकारी किसान सङ्घ
(३) नेपाल क्रान्तिकारी युवा सङ्घ
(४) नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ
(५) नेपाल क्रान्तिकारी महिला सङ्घ
(६) नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ

(ख) विभिन्न पेशागत सङ्गठनहरू पनि गठन गरिनेछ ।

(ग) पार्टी केन्द्रीय समितिले आवश्यक ठानेमा जनवर्गीय तथा पेशागत सङ्गठनहरूको नाम बदल्न र भङ्ग गरी नयाँ गठन गर्न सक्नेछ ।

(घ) जनवर्गीय र पेशागत सङ्गठनहरूको सञ्चालनको लागि आ-आफ्नो छुट्टाछुट्टै विधानहरू हुनेछन् ।

## २४) विभागहरू :

**पार्टी केन्द्रीय समितिअन्तर्गत देहायबमोजिम विभागहरू रहनेछन् :**

क) सङ्गठन परिचालन विभाग

ख) विदेश सम्बन्ध विभाग

ग) आर्थिक विभाग

घ) प्रकाशन विभाग

ङ) प्रशिक्षण विभाग

च) शैक्षिक विभाग

छ) प्रचार विभाग

ज) अनुशासन विभाग

**२५) संसदीय दल र निर्वाचित समिति** :

क) पार्टीको केन्द्रीय समितिको निर्देशनमा काम गर्ने गरी नेपाल मजदुर किसान पार्टीको तर्फबाट सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) एवम् प्रदेशसभाका निर्वाचित सदस्यहरूको संयुक्त वा अलग संसदीय दल हुनेछ ।

ख) पार्टी केन्द्रीय समितिले संसदीय दल तथा प्रदेश संसदीय दलको विधान पारित एवम् संशोधन गर्नेछ ।

ग) स्थानीय निकायहरूमा सम्बन्धित निकायभित्र जननिर्वाचित पार्टीका सदस्यहरूको निर्वाचित समिति गठन गरिनेछ । सो समितिले सम्बन्धित निकायको पार्टीको निर्देशनबमोजिम काम गर्नेछ ।

**२६) नेपाल मजदुर किसान पार्टी क्रान्तिकारी संसद्वादको पक्षमा छ । यसर्थ पुँजीवादी व्यवस्थामा हुने निर्वाचनलाई सोही नीतिअनुरूप उपयोग गर्छ तर पार्टीका सांसदहरू प्रदेश र सङ्घको सरकारमा सहभागी हुने छैनन् ।**

◆

**अनुसूची-१**

मिति :......................

## सदस्यता आवेदन फाराम

कामरेड अध्यक्ष,
नेपाल मजदुर किसान पार्टी
........... समिति ...................।

आवेदकको नाम, थर :
जन्म मिति :
उमेर :
विवाहित/अविवाहित
योग्यता :
पेशा :
सम्पर्क नं :

बाजेको नाम :
बुबाको नाम :
आमाको नाम :
पति/पत्नीको नाम :
स्थायी ठेगाना :
हालको ठेगाना :
इमेल :

नेमकिपाको कुनै जनवर्गीय वा पेशागत सङ्गठनमा संलग्न हुनु भएको भए सोको नाम र मिति :

**सम्पत्ति विवरण** :
१) चल सम्पत्ति :
२) अचल सम्पत्ति :
नेमकिपाको राजनीतिबाट प्रभावित हुनुको कारण :

म.......................................... नेमकिपाको सदस्यता प्राप्त गर्न इच्छुक भएकोले यो सदस्यता आवेदन फाराम पेश गरेको छु । पार्टी सदस्यता पाऊँ ।

**क्रान्तिमा सदा साथ दिने**
**दस्तखत** :

प्रस्तावक :
नाम, थर :
ठेगाना :
पद र समिति :
दस्तखत :
मिति :

समर्थक :
नाम, थर :
ठेगाना :
पद र समिति :
दस्तखत :
मिति :

**अनुसूची-२**

# शपथ


म आफूलाई नेपाल मजदुर किसान पार्टीको विधानअनुसार मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारालाई जीवनपर्यन्त आत्मसात् गर्दै समाजवाद र साम्यवादमा पुग्ने पार्टीको लक्ष्य पूरा गर्न नेपाल र नेपाली जनताको सेवामा सदा समर्पित रहने प्रण गर्दछु । साथै, पार्टीको कार्यक्रम, विधान, नियम र अनुशासनभित्र रही निष्ठापूर्वक पार्टीले दिएको जिम्मेवारी पूरा गर्नेछु भनी शपथ ग्रहण गर्दछु ।

| | |
|---|---|
| शपथ लिने : | शपथ गराउने : |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| समिति : | समिति : |
| पद : | पद : |
| मिति : | मिति : |

अनुसूची-३

# झन्डा

रातो पृष्ठभूमिमा २:३ को आयताकारको बायाँ पट्टिको १:४ भागमा खप्टिएको सेतो रङ्गको हँसिया र हथौडा भएको झन्डा पार्टीको झन्डा हुनेछ ।



## अनुसूची-४

### कार्यालयको छाप

नेपाल मजदुर किसान पार्टीको कार्यालयको छापमा दोहोरो पूर्ण वृत्त रहनेछ । बाहिरी वृत्त सरल वृत्त रहनेछ र भित्री वक्ररेखा वृत्तको हुनेछ । वृत्तको भित्री माथिल्लो आधा भागमा नेपालीमा 'नेपाल मजदुर किसान पार्टी' र तल्लो आधा भागमा अङ्ग्रेजीमा 'Nepal Workers & Peasants' Party' रहनेछ । अङ्ग्रेजी र नेपालीमा पार्टीको नाम छुट्टिने ठाउँमा दायाँ र बायाँ दुवैतिर एक-एक वटा पाँचकुने तारा रहनुको साथै बीचको भागमा विधानअनुसारको पार्टीको झन्डा अङ्कित रहनेछ । झन्डाको माथिल्लो भागमा नेपालीमा 'केन्द्रीय समिति' र झन्डाको तल 'Central Committee' रहनेछ । प्रदेश, जिल्ला, ईलाका, क्षेत्र, नगर, गाउँ, वडा र टोलका प्रारम्भिक समितिहरूको समेत सोहीबमोजिम छाप बनाइनेछ ।




◆